कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२ (शिक्षा तथा खेलकुद शाखा)

च.नं.:

मिति : २०८१/०५/३०

**विषय : प्रस्तावना पत्र पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !**

नेपाल सरकार तथा स्विजरल्याण्ड सरकारको साझेदारीमा दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजना दोस्रो अन्तरगत मिति २०८१/०५/०८ गते बसेको कोहलपुर नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार आ. व. २०८१/०८२ मा यस कोहलपुर नगरपालिकाले कार्यगत अभ्यास सहित (Training with OJT) को १० महिने (१६९६ घन्टे) CTEVT तह-२ को तपसिल बमोजिमका तालिम कार्यक्रम संचालन गर्नु पर्ने भएकाले इच्छुक तथा आधिकारिक तालिम प्रदायक संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निर्धारित ढाँचा अनुसार शीलबन्दी प्रस्तावना पत्र कार्यालय समयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावना बुझाउने अन्तिम दिन सार्वजनिक वा पर्व बिदा परेमा कार्यालय खुल्ने अर्को दिन बुझाउन सकिनेछ । प्रस्तावना बुझाउने बारे विस्तृत जानकारी Request for Proposal मा उल्लेख गरिएको जानकारी गराइन्छ ।

**तपसिल (संचालन गर्नु पर्ने तालिम कार्यक्रमहरू) :**

१. Professional Plumber
२. Professional Cook

**निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरू :**

१. प्राविधिक प्रस्तावना पत्र, आर्थिक प्रस्तावना पत्र र अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरू (छुट्टा छुट्टै शीलबन्दी ३ वटा खाममा)
२. संस्था कम्पनी ऐनमा दर्ता भएको प्रमाण पत्र र पछिल्लो ३ वर्ष निरन्तर संस्था अद्यावधिक वा नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि
३. VAT मा दर्ता भएको प्रमाण पत्र
४. सम्बन्धित विषयमा १४००-१६९६ घन्टाको तालिम संचालनको लागि CTEVT बाट सम्बन्धन प्राप्त भएको प्रमाण पत्र वा प्रिडिप्लोमा/ डिप्लोमा तहको सम्बन्धित पेशामा सम्बन्धन प्राप्त प्रमाण पत्र वा ENSSURE परियोजनाको १६९६ घण्टाको सम्बन्धित पेशामा तालिम संचालन गरेको प्रमाण पत्र
५. पछिल्लो ३ वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. पछिल्लो ३ वर्षको आर्थिक लेखापरीक्षण रिपोर्ट
७. पछिल्लो ३ वर्षमा कम्तिमा नब्बे लाखको आर्थिक कारोबार भएको प्रमाण
८. CTEVT द्वारा प्रमाणित तह १, तह २, तह ३, १४००-१६९६ घन्टाको तालिम वा प्रिडिप्लोमा/ डिप्लोमा तहको व्यवसायिक तालिम संचालन गरेको तीन वर्षको कार्य अनुभव (CTEVT/NSTB द्वारा प्रमाणित कार्य अनुभवको प्रमाण पत्र)
९. तालिम प्रदायक संस्था द्वारा लिखित स्वार्थ नबाझिने स्वघोषणा पत्र ।
१०. प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८१/०६/१४ गते कार्यालय समयभित्र ।
११. थप जानकारीको लागि सम्पर्क : ९८४१८३६२१९

*ToR र Request for Proposal नगरपालिकाको वेवसाइट www.kohalpurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।*

५/३०

रामबहादुर हमाल
नि. प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत